"समृद्ध छथर निर्माणको आधार : शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पुर्वाधार"

# छथर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
शुक्रबारे, तेह्रथुम
कोशी प्रदेश, नेपाल

फोन नं ०२६-४२००९९

सू.नं.:- ५६-२०७९-०८२

**करार सेवामा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धि सार्वजनिक सूचना।**

(प्रकाशित मिति: २०८१/१०/२९ गते।)

यस छथर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, स्वास्थ्य संस्था तथा वडा कार्यालयमा रहेका निम्न पदका लागि तपसिलको पदमा खुला प्रतिस्पर्धात्मक परीक्षाद्वारा **करार सेवामा** पदपूर्ति गर्नुपर्ने भएकाले न्यूनतम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिन भित्र (२०८१/११/१३) माग बमोजिमका विवरण, राजस्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

१. **विज्ञापन नं., पद र माग संख्या:**

| सि.नं. | वि. नं. | पद | श्रेणी/तह | माग संख्या | आवेदन दस्तुर | परिक्षाको किसिम | कै. |
|---|---|---|---|---|---|---|---|
| १. | १०-०८१/०८२ | हेल्थ असिस्टेन्ट | सहायकस्तर पाचौं | १ | ६००/- | लिखित र अन्तरवार्ता। | |

**आवश्यक न्युनतम योग्यता:**

२. **हेल्थ असिस्टेन्टका लागि आवश्यक न्युनतम योग्यता:**

क) सामान्य चिकित्सा विज्ञानमा प्रविणता प्रमाण पत्र तह उत्तिर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको हुनुपर्ने छ।

ख) आधारभूत कम्प्यूटर तालिम लिएको हुनुपर्ने छ।

ग) उम्मेदवारको उमेर हद मिति २०८१/११/१३ गते सम्ममा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्ने छ।

**दरखास्त साथ संलग्न हुनुपर्ने कागजातहरु:**

क) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी। ख) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी। ग) ३ तिन प्रति पासपोर्ट साईजको फोटो। घ) कार्य अनुभव भए समयावधि खुलेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी।

३. **तलव, सुविधा तथा अन्य सेवा शर्त:** करार सम्झौतामा उल्लेख गरिए बमोजिम।

४. **दरखास्त फाराम प्राप्त गर्ने र बुझाउनु पर्ने स्थान:** छथर गाउँपालिका कार्यालयको वेभसाइट **www.chhatharmun.gov.np** बाट डाउनलोड गरी दरखास्त फाराम प्राप्त गर्न सकिने छ। साथै यस कार्यालयबाट समेत दरखास्त फारम प्राप्त गर्न सकिनेछ।

५. **परीक्षा दस्तुर बुझाउने प्रक्रिया:** छथर गाउँपालिकाको राजस्व फाँटमा वा नविल बैंकमा रहेको यस छथर गाउँपालिकाको आन्तरिक राजस्व खाता नं. २१२०१०१७५०००२५ मा परीक्षा दस्तुर जम्मा गरी दरखास्त फाराम प्रशासन शाखामा पेश गर्नुपर्ने छ।

६. **परीक्षा सञ्चालन हुने मिति, समय र स्थान:** सूचना प्रकाशन गरिने छ।

७. आवेदन स्वीकृत / अस्वीकृत तथा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकार यस गाउँपालिकालाई हुनेछ।

८. दरखास्त फाराम भर्दा आउने अस्पष्टताको सम्बन्धमा छथर गाउँपालिका, प्रशासन शाखा तथा टेलिफोन नं ०२६-४२००९९ मा सम्पर्क गरी बुझ्न सकिने छ।

*नोट: दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको पहिलो दिनको कार्यालय सम य भित्र दरखास्त पेश गर्नु पर्ने छ।*

अशोक पराजुली
प्रमुख प्रशासकीय अधिकृत

"मैले तिरेको कर मेरै लागि, समृद्ध गाउँ निर्माणका लागि

Email : chhathargaupalika@gmail.com, ito.chhatharmun@gmail.com, info@chhatharmun.gov.np Phn no. 026-420099/420100 Web: www.chhatharmun.gov.np